## १७ जनवरी भारत बन्द

**सिलगढ़ी, ११ जनवरी।** सिटु र आईएनटीयुसीलगायत विभिन्न ट्रेड युनियनले विभिन्न मागमा आउँदो १७ जनवरी देशव्यापी हड्तालको आह्वान गरेका छन्। श्रमिक, कर्मचारीहरूको न्यूनतम वेतन १८ हजार रुपियाँ गर्ने, न्यूनतम पेन्सन तीन हजार रुपियाँ गर्ने, सामाजिक सुरक्षा अनि समान कामको निम्ति समान वेतन दिने लगायत मागहरूमा देशव्यापी हड्तालको आह्वान गरिएको हो।

## बिना टिकट यात्रीहरूबाट जरिमाना अदाय

**सिलगढ़ी, ११ जनवरी।** उत्तर–पूर्व सीमान्त रेलवेको कटिहार डिभिजन अन्तर्गत रेलवे प्रशासनले विशेष अभियान चलाएर बिना टिकट यात्रा गर्ने तीन सयभन्दा धेर रेल यात्रीहरूबाट जरिमाना अदाय गऱ्यो। यात्रीहरूबाट जरिमानाको रूपमा अढ़ाई लाख रुपियाँभन्दा धेर रकम संग्रह गरिएको सूत्रले जनाएको छ। रेल प्रशासनले यात्रीहरूको टिकट जाँच गर्नुलगायत प्लेटफार्ममा फोहोर–मैला फ्याँक्न नदिन पनि विशेष दृष्टि राखेको सूत्रको भनाई छ। न्युजलपाइगढ़ी रेलवे सूत्रबाट प्राप्त जानकारीअनुसार किशनगञ्ज र जलपाइगढ़ीलगायत अन्य स्टेशनहरूमा पनि अभियान चलाएर रेलयात्रीहरूको टिकट जाँच गरियो।

## आज तृणमूलको मोटरबाइक ऱ्याली

**सिलगढ़ी, ११ जनवरी।** स्वामी विवेकानन्दको १५६औं जन्मजयन्तीको उपलक्ष्यमा शुक्रवार सिलगढ़ीमा मोटरबाइक ऱ्यालीको आयोजना गरिएको छ। दार्जीलिङ जिल्ला युवा तृणमूल कंग्रेसको तर्फबाट आयोजित मोटरबाइक ऱ्याली शुक्रवार बिहान आठ बजी शहरको बाघाजतीन पार्कबाट शुरू हुनेछ, जसले शहरको विभिन्न मार्गको परिक्रमा गर्नेछ। ऱ्यालीमा दार्जीलिङ जिल्ला युवा तृणमूल कंग्रेसका सभापति विकासरञ्जन सरकारले पनि भाग लिनेछन्। शहरका सबै युवाहरूलाई यस ऱ्यालीमा सहभागी जनाउने आह्वान गरिएको छ।

## गोजमुमोले सांगठनिक कार्यलाइ तीव्रता दिने

**दार्जीलिङ, ११ जनवरी।** गोजमुमो दार्जीलिङ महकुमा समितिले सांगठनिक कार्यलाई तिब्रता दिनेभएको छ। गोजमुमो केन्द्रीय नेतृत्वहरूको सकारात्मक सोचलाई अंगिकार गर्दै पाटीलाई बलियो पार्न पहाड़कै मुटु मानिने दार्जिलिङ शहरबीच रहेको दार्जीलिङ सदर–२ समष्टि पुनःगठन गठन गरियो। गोजमुमो दार्जीलिङ शहर समिति नेता चन्द्र प्रधानको अध्यक्षतामा भएको सभालाई गोजमुमो मनोनित दार्जीलिङ नगरपालिका अध्यक्ष प्रतिभा राईले सभालाई संचालन गरेर समष्टि गठन प्रक्रियालाई अघि बढ़ाए जसमा सर्वसम्मतीद्वारा समष्टि सभापति कमल छेत्री, उपसभापति बिकास भित्रिकोठी, शेखर लामा, सचिव एड्रिन लामा, सहसचिव विकास तामङ, कोषाध्यक्ष ज्ञाने सिङ, मुख्य सल्लाहकार विनोद राखेजा, सल्लाकार भरत तामङ लगायत २७ जनाको समष्टि समिति पून गठन आज भयो। यस समष्टि अन्तर्गत ७ वटा शाखा/वार्ड पर्दछ जसको अध्यक्ष/ सचिव एवं भूतपूर्व नगरपार्षद, पार्षदिका समेतलाई समष्टि समिति समावेश गरिएको छ भने आजको सभामा युमो केन्द्रीय महासचिव तिलक छेत्री, समष्टि नेता शेखर तामङ, सुरज छेत्री आदिले सम्बोधन गरे। सभामा पूर्व नगरपार्षद बिनोद राखेजा, ज्ञाने सिङ, संगिता प्रधान एवं वर्तमान नगरपार्षद/पार्षदिका महिमा राणा, बिनिता तामङ, प्रमुला लामा, अम्बिका शर्मा, सुमती शेर्पा आदिले प्रमुख उपस्थिती दिएका थिए।

# सुन्तलाको उत्पादन घटेकोले कृषकहरू चिन्तित

**मिरिक,११ जनवरी।** सुन्तला उत्पादनको लागि मिरिक भौगोलिक दृष्टिकोणले उचित स्थान मानिन्छ। सुनको भाउमा बिक्री भइरहेको सुन्तलाको उत्पादन घटेको कारणले कृषकहरूले चिन्ता व्यक्त गरिरहेका छन्। गत वर्षको तुलनामा मिरिकमा सुन्तलाको उत्पादन एकदमै कम भयो। बजारमा सुन्तलाको माग बढ़ी रहे पनि कृषकहरूले माग अनुरूप सुन्तला उत्पादन गर्न सकि–रहेका छैनन्। मिरिक बस्ती निवासी वीरसिङ लेप्चा, बोबर्जी गाउँमा बस्ने डोमा लेप्चाले बताए अनुसार एक समयमा हाम्रो गाउँमा सुन्तलाको खेती राम्रो हुन्थ्यो तर अहिले बोटमा सुन्तला नै छैन। यहाँ पानीको ठूलो अभाव छ। उचित स्याहार–सम्भार एवं मलजल गरिएको भए पनि फल राम्रो हुन नसकेकोमा उनीहरूले दुःख व्यक्त गरे। नगदी फसलको रूपमा मानिने सुन्तलाको खेतीको लागि सरकारले सहयोग गर्नुपर्ने माग कृषकहरूको छ। सुक्खा मौसममा सुन्तलाको बोटलाई प्रशस्तै पानी हुनु–पर्दछ तर पानीको समस्या भएपछि बोट राम्रो सप्रिँदैन



फलस्वरूप फल पनि राम्रो फल्दैन। त्यैमाथि बोटमा कीराहरू लागेर सुक्न थालेपछि सुन्तलाको उत्पादनमा ह्रास आएको छ। मिरिक बस्ती मात्र नभएर अन्य स्थानमा पनि सुन्तलाको खेतीमा –ह्रास आएको छ। विभागीय पक्षले यस दिशामा विशेष ध्यान दिनुपर्ने कृषकहरू बताउँछन्। भारतीय बजार मात्र नभएरविश्व बजारमा समेत ख्याति कमाइसकेको मिरिकको सुन्तलाको अलग्गै स्वाद र पहिचान रहिआएको छ।

# पर्यटकहरु लोभ्याउदै सनराइज भ्यू पोइन्ट

**मिरिक, ११ जनवरी।** मिरिक पर्यटन केन्द्रको थप आकर्षणहरूमा सनराइज भ्यू पोइन्ट पनि एउटा हो। नब्बेको दशकमा राज्य सरकारद्वारा निर्मित यो भ्यू पोइन्ट मिरिक नगरपालिकाको वार्ड नं० ६ काउले डाँड़ामा उपस्थित छ। बिहानीको झुल्के घाम हेर्न टाइगर हिलसम्म पुग्नुपर्ने आवश्यक्तै छैन। दार्जीलिङको टाइगरहिलबाट जसरी सूर्योदयको मनोरम दृश्य देखिन्छ यस सनराइज भ्यू पोइन्टबाट पनि दुरूस्तै देखिन्छ। तर उचित प्रचार–प्रसारको अभावमा यो भ्यू पोइन्ट अपरिचित बन्दै गइरहेको छ। यहाँसम्म पुग्ने सड़क मार्गको अवस्था नाजुक छ। मुख्य सड़कदेखि दुइ किलोमीटरको उच्चतामा रहेको यस भ्यूपोइन्ट पर्यटकहरूको निम्ति गन्तव्य स्थल बन्न पुगेको छ। यहाँ दिनहुँ पर्यटकहरूको भीड़ लाग्ने गरेको छ। आज कोलकाताबाट आएका एकजना पर्यटकले बताए, दार्जीलिङको टाइगरहिल र मिरिक सनराइज भ्यूपोइन्ट एउटै छ। टाइगरहिलभन्दा सुन्दर ढंगमा सूर्यो–दयको दृश्य अवलोकन गर्न सकिने यो स्थल साँच्चै रहरलाग्दो छ। तर पर्यटकहरूको जानकारी एवं मार्ग



निर्देशको निम्ति सूचना पटहरू राखिनुपर्ने ती पर्यटकले बताए। नेपालबाट आएका शिवकुमार लम्साल र देहरादूनबाट आएका अभिषेक राउतको भनाइ पनि उस्तै थियो। कुनै पनि पर्यटकीय स्थलको प्रचार–प्रसार पर्यटकहरूको माध्यमबाट हुने गर्दछ। यसैले 'अतिथि देवो भव' को मूल मन्त्र लिएर काम गर्न आवश्यक रहेको पनि उनीहरूले बताए। मिरिक प्राकृतिक सुन्दरताले परिपूर्ण रहेको छ। प्रकृतिले मिरिकलाई बरदान दिए जत्तिकै छ। सुन्दर हावा–पानी, वरपर चियाकमान, मैदानको सुन्दर फराकिलो फाँट देखिने मिरिक भौगोलिक रूपमा पनि उत्तिकै सुन्दर छ। मिरिकमा पर्यटनको विकास एवं प्रबन्धनको निम्ति विशेष ध्यान दिनुपर्ने स्थानीय पर्यटन व्यवसायसित आबद्ध नागरिकहरूको अवधारणा रहिआएको छ। यहाँ रहेका पर्यटकीय स्थलहरूलाई फोकसमा ल्याउन सकिए मिरिक पर्यटन केन्द्र साँच्चै नै नामी पर्यटन केन्द्रको रूपमा स्थापित हुन समय नलाग्ने बताउँछन्, सरोकारवालाहरू।

## असहाय मानिसहरूलाई कम्बल वितरण

**कालेबुङ, ११ जनवरी।** 'मानव सेवा परमधर्म'को ध्येय लिएर मारवाड़ी युवा मञ्च, कालेबुङ शाखाको तर्फबाट कम्बल वितरण गरियो। मञ्चका अध्यक्ष विकास गोल्याण अनि सचिव विकास अग्रवालको नेतृत्वमा सम्पन्न उक्त कार्यक्रम अन्तर्गत शहरमा रहँदै आएका बेसाहारा अनि असहाय मानिसहरूलाई खोजी–खोजी कम्बल प्रदान गरिएको थियो। अध्यक्ष गोल्याणले बताए अनुसार यस जाड़ोको मौसमलाई मध्यनजर गर्दै मञ्चले एक सयवटा कम्बल वितरण गर्ने योजना बनाएको छ। यसरी नै भोलि पनि गान्धी आश्रमका बाल–बालिकाहरूलाई कम्बल वितरण गर्ने कार्यक्रम रहेको उनले जनाए।

## गोरामुमोको सभा

**कालेबुङ, ११ जनवरी।** कालेबुङ खण्ड दुइ अन्तर्गत लोअर गेन्दुग बस्तीमा गोरामुमोको सभा सम्पन्न भयो। २५–२६ नं० समष्टि सभापति अर्जुन राईको सभापतित्वमा सम्पन्न सभामा पार्टीका विभिन्न विषयहरूमा व्यापक चर्चा गरियो। सभामा उपस्थित मानिसहरूले गोरामुमो पार्टीमाथि पूर्ण विश्वास गर्दै पार्टी अनि मुद्दालाई समर्थन गर्ने निर्णय लिए। यसै अवसरमा गाउँका मानिसहरूलाई लिएर विलेज कमिटी गठन गरियो जसमा अध्यक्ष संजय छेत्री, सचिव विवेक मगर, कोषाध्यक्ष लक्ष्मण कार्की लगायत ७ जना कार्यकारी सदस्य चयन गरिएको छ।

## मिरिक स्वास्थ्य केन्द्रमा सफाईसितै रोगीहरूलाई फल वितरण

**मिरिक, ११ जनवरी।** मिरिक भ्याली ट्याक्सी ड्राइभर वेल्फेयर एसोसिएशन, कृष्ण नगर अनि मिरिक लोकल ट्याक्सी वेल्फेयर ड्राइभर एसोसिएशनको संयुक्त तत्वावधानमा आज मिरिक स्वास्थ्य केन्द्र परिसरको सर–सफाईसितै स्वास्थ्य केन्द्रमा उपचाराधिन रोगीहरूलाई फल आदि वितरण गरियो। यस अवधि रोगीहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरियो। मिरिक भ्याली ट्याक्सी ड्राइभर वेल्फेयर एसोसिएशनका अध्यक्ष गोविन राई, सचिव सुनिल प्रधानले आजदेखि मिरिक पुलिसद्वारा आरम्भ गरिएको ट्राफिक सुरक्षा सप्ताह पालना गरिने जानकारी गराए। 'सुरक्षित यात्रा गरौं'को नारा लिएर उक्त ट्राफिक सुरक्षा सप्ताह पालना गरिने लोकल ट्याक्सी ड्राइभर वेल्फेयर एसोसिएशनका अध्यक्ष सुमन प्रधान, राजु लामा र कोषाध्यक्ष सोनाम तामाङले जानकारी गराए। ड्राइभरको जिन्दगी त्यसै पनि व्यस्त जिन्दगी हो, यसैबाट उब्रिएको समयलाई आज सामाजिक क्षेत्रमा अर्पण गरिएको उनीहरूले बताए। अन्तमा आगामी शनिवारको दिन लोकल ट्याक्सी ड्राइभर वेल्फेयर एसोसिएशनले वाहन नचलाउने निर्णय लिएको यसबाट यात्रीहरूलाई असुविधा भए एसोसिएशनको तर्फबाट अगावै क्षमा याचना गरिएको उनीहरूले बताए।

# दार्जीलिङ र कालेबुङ जिल्लाका विभिन्न स्थानमा सड़क सुरक्षा सप्ताह आरम्भ









**दार्जीलिङ, ११ जनवर।** दार्जीलिङ पुलिसले बिहिवारदेखि सड़क सुरक्षा सप्ताह आरम्भ गऱ्यो। यस अवसरमा शहरको सदर ट्राफिक कार्यालयदेखि पुलिस ब्याण्डसहित ऱ्याली निकालियो। कार्यक्रमा विभिन्न सिण्डिकेट कर्मचारी, गाड़ी चालक अनि स्थानीय मानिसहरूले अंशग्रहण गरे भने टाउन डीएसपी सिद्धार्थ दोर्जी,सदर ट्राफिक ओसी डी० शेर्पालगायत पुलिस अधिकारीहरू उपस्थित थिए। पुलिस ब्याण्डको ऱ्यालीले राष्ट्रिय मार्ग ५५, लाडेनला रोड भएर चौरस्ता पुग्यो। ट्राफिक सुरक्षा साताको अवधिमा शहरका विभिन्न स्थानहरूमा सिण्डिकेट अनि गाड़ी चालकहरूले सदर ट्राफिकसँग मिलेर रक्तदान अनि स्वास्थ्य शिविरहरू आयोजन गरेका छन्। यसरी नै पुलिसले जनतासँग आफ्नो सम्बन्धलाई दह्रिलो बनाउन शुक्रवार हाफ म्याराथनको आयोजना गरेको छ जसमा विदेशी धावकहरूले पनि अंशग्रहण गर्ने भएका छन। सुकेबाट शुरू हुने हाफ म्याराथन दौड़ राष्ट्रिय मार्ग ५५, लेबुङ कार्ट रोड़,जू रोड़ हुँदै न चौरस्ता पुग्नेछ।

**कालेबुङ।** कालेबुङ जिल्लामा आजदेखि सप्ताहव्यापी सड़क सुरक्षा सप्ताह शुरू भयो। 'सेव ड्राइव सेव लाइफ'को थीम लिएर शुरू भएको ट्राफिक सुरक्षा सप्ताहको आज पहिलो दिन उद्घाटनीय सत्रमा जिल्लापाल डा. विश्वनाथ मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए भने अन्य अतिथिहरूमा पुलिस अधीक्षक अजित सिंह यादव, एएसपी अम्लान घोष, एआरटीओ विश्वजीत दास, थाना प्रभारी टीएस नाथ आदि उपस्थित थिए। थाना डाँड़ा परिसरमा आयोजित उक्त कार्यक्रमलाई सम्बोधन गर्दै जिल्लापाल डा. विस्वनाथले सबैलाई ट्राफिक नियम पालन गर्ने अपील गरे। उनले भने, हरेक जिन्दगी महत्वपूर्ण छ, यसकारण वाहन हाँक्दा एकदमै ध्यान दिनुपर्छ। कालेबुङले जिल्लाको दर्जा पाएपछि यहाँको ट्राफिक समस्यामाथि लगातार रूपमा काम भइरहेको जानकारी गराउँदै उनले ट्राफिक समस्या समाधानको लागि सबै तत्पर रहनुपर्ने आग्रह गरे। यो एक सातासम्म मात्र होइन जबकि सधैँभरि ट्राफिक नियमहरूको पालन गर्नुपर्छ। जिल्ला पुलिस अधीक्षक अजित सिंह यादवले ट्राफिक समस्याको समाधानार्थ लगातार रूपमा काम भइरहेको जानकारी गराए। उनले बताए, जिल्लापाल कार्यालयले शहरमा नयाँ पार्किङ स्थल बनाउनको निम्ति ठाउँ खोजिरहेको छ। कालेबुङ शहरलाई सुन्दर बनाएर पर्यटकहरूलाई आकर्षित गराउनका लागि सबैले नियमहरूको पालना गर्नुपर्ने उनले आह्वान गरे। उनले ट्राफिक नियमको उल्लङ्घन गर्नेहरूविरूद्ध उचित कानुनी कार्वाही गर्ने चेताउनी पनि दिए। अन्तमा यादवले यो सड़क सुरक्षा सप्ताह आगामी १७ जनवरीसम्म जारी रहने बताउँदै यस अन्तर्गत विभिन्न कार्यक्रमहरू आयोजना गरिने जानकारी गराए। यस अवसरमा निरेश मुखियाको नेतृत्वमा क्रिष्टियन मोटर साइकल एसोसिएशनद्वारा बाइक ऱ्याली निकालिएको थियो। जिल्लापाल डा. विश्वनाथ अनि पुलिस अधीक्षक अजित सिंह यादवले हरियो झण्डी देखाएर बाइक ऱ्याली आरम्भ भएको घोषणा गरे।

**खरसाङ।** खरसाङ यातायात पुलिसको तत्वावधानमा आजदेखि सड़क सुरक्षा आजदेखि आरम्भ गऱ्यो। यातायात पुलिस प्रभारी सञ्जीव दत्त अनुसार सप्ताहव्यापी यस कार्यक्रम अन्तर्गत चालकहरु साथै आम नागरिकहरुलाई सड़क सुरक्षासित सम्बन्धित जानकारी गराइनेछ। वाहनहरू चलाउँदा सीट बेल्ट अथवा मोटर बाईक चलाउदा हेलमेटको प्रयोग अनिवार्य हुनेगर्छ। वाहन धिमा गतिमा चलाउनु यातायात नियमहरुलाई उचित ढंगमा पालन गर्नुपर्ने, कागज पत्र सटीक हुनुपर्ने, वाहन चलाउँदा सिग्नलको विशेष ध्यान दिनुपर्ने जस्ता कुराहरुबारे यस कार्यक्रममा बताइने छ।

**मिरिक।** मिरिक पुलिस थानाको आयोजनामा आजदेखि ड़क सुरक्षा सप्ताह आरम्भ भएको छ। आज पहिलो दिन मिरिक बाइपास मोड़देखि कृष्णनगरसम्म चालक एवं पुलिसकर्मीहरूको सहभागितामा ऱ्याली निकालियो। यस अवधि आम जनमानसलाई ट्राफिक नियमहरूको पालन गरिनुपर्ने अनिवार्यतामाथि सचेत गराइयो साथै सुरक्षित यात्रा, सुरक्षित गन्तव्य, चालकहरूले अनिवार्य रूपमा सिट बेल्ट प्रयोग गर्नुपर्ने, बाइक सवारले हेलमेट अनिवार्य रूपमा लगाउनुपर्ने जस्ता विषयहरूमा पनि जानकारी गराइयो। मिरिक ट्राफिक पुलिस विकास चामलिङले पुलिस विभागले प्रत्येक वर्षको जनवरी महिनामा ट्राफिक सुरक्षा सप्ताह पालन गर्दै आइरहेको जानकारी गराए। आज सीट बेल्ट प्रयोग नगर्ने चालकहरूलाई बीच सड़कमै रोकेर खदा लगाउँदै अबउसो ट्राफिक नियमको पालन गर्नुपर्ने सुझाउ दिइयो।

# महिलाहरूलाई स्वनिर्भर बनाउन शिल्प प्रशिक्षण केन्द्रको उद्घाटन

**कालेबुङ, ११ जनवरी।** सामाजिक हितमा दार्जीलिङ पहाड़ लगायत विभिन्न क्षेत्रहरूमा सामाजिक संस्था मणि ट्रष्टले जनसेवा कार्यहरू गरेर आइरहेको क्रममा यसपालि पश्चिम बंगाल खादी एवं ग्रामीण उद्योग बोर्डसित संलग्न बनेर शहरदेखि केहि दूरीमा रहेको गाउँमा आय स्रोत नभएका महिलाहरूलाई स्वनिर्भर बनाउने उद्देश्यले शिल्प प्रशिक्षण केन्द्रको उद्घाटन गरिएको छ।

कालेबुङ शहरदेखि लगभग बाह्र किलोमिटरको दूरीमा अवस्थित १७ माइल ग्रामीण क्षेत्रमा शिल्प प्रशिक्षण केन्द्रको उद्घाटन कालेबुङ (२) अलगड़ा खण्ड विकास कार्यालयकी सहायक कार्यक्रम अधिकारी (एसिस्टेन्ट प्रोग्राम अफिसर)– पेट्रोनिला लेप्चाको बाहुलीबाट रिबन काटेर केन्द्रको उद्घाटन गरियो।

पश्चिम बंगाल खादी अनि ग्रामीण उद्योग बोर्ड एवं खुबै प्रचलित सामाजिक संस्था मणि ट्रष्टको संयुक्त पहलमा उक्त केन्द्र आरम्भ भएको छ। बेकारी समस्याले ग्रसित ग्रामीण (गाउँ–बस्ती) क्षेत्रका महिलाहरूलाई स्वनिर्भर बनाउने उद्देश्यले सिलाई बुनाई प्रशिक्षण आरम्भ गरिएको मणि ट्रष्टका संस्थापक सुवासमणि सिंहले बताए। महिलाहरूलाई आर्थिक रूपले दह्रिलो बनाउन अनि नारी सशक्तिकरणको प्रयोजनले सो केन्द्र आरम्भ गरिएको अनि हालमा ट्रष्टले गाउँ–बस्तीमा ९ (नौं) वटा प्रशिक्षण केन्द्र सञ्चालन गरी रहेको बताउँदै दार्जीलिङ अनि कालेबुङ गरेर ३० वटा प्रशिक्षण केन्द्र खोल्ने ट्रष्टको योजना रहेको सिंहले बताए। प्रत्येक महिलाले जीवन धान्नलाई रोजगारको अवसर प्राप्त गरून भन्ने ट्रष्टको भिजन रहेको छ। यस माध्यमद्वारा वेरोजगार महिलाहरूले अवश्यै रोजगारको अवसर प्राप्त गर्ने कुरामा विश्वस्त रहेको संस्थापक सिंहले बताए।

तिनले बताए अनुसार प्रशिक्षण पूर्ण रूपमा निःशुल्क रहने छ। काम अनुसार प्रशिक्षणार्थीहरूले केहि पारिश्रमिक पनि पाउने छन्। सिलाई–बुनाईको अवधि दुइ वर्ष चल्नेछ। विशेष गरी नेपाली (गोर्खा), लेप्चा अनि भोटिया समुदायको पारम्परिक वेषभूषालाई परिमार्जित गरेर उत्पादन गरिनेछ। ढाका प्याट्रन अहिलेसम्मै बुनिएको छैन। अब हातैले बुनेर बजारमा ल्याउने छ। यो प्रोजेक्ट तालिम (प्रशिक्षण) सम्म मात्रै सीमित रहने छैन। प्रशिक्षणपछि पनि विविध कार्यक्रमहरू रहने छ। तालिमपछि प्रशिक्षणार्थीहरूले मासिक वेतन पनि पाउने छन्। उत्पादन पछि बजार व्यवस्थापनको आवश्यकता पर्दछ। बजार व्यवस्थापनका लागि ट्रष्टले अगावै ब्रान्डको प्रबन्ध मिलाइसकेको छ। जसको नाम कालेबुङ क्राफ्ट हो। जुन ब्रान्ड ट्रष्टले ट्रेड मार्क रजिस्टर्ड ब्यूरोमा अनुमोदन पनि गरिसकेको छ। यस ब्रान्डलाई क्षेत्रीयसितै राष्ट्रिय अनि अन्तराष्ट्रिय स्तरमा प्रमोट गर्ने ट्रष्टको उद्देश्य हो। यसका निम्ति ट्रष्टले अनलाइन पोर्टल पनि आरम्भ गरेको छ। जुन पोर्टलमा महिलाहरूलाई हातले निर्माण गरेको वस्त्र अनि हस्तशिल्प सामाग्रीहरूबारे जानकारी उपलब्ध गराइनेछ। कालेबुङको इतिहास अंकित सामाग्री पाइने एउटा संग्रालय पनि निर्माण गर्ने ट्रष्टको अर्को योजना रहेको पनि सिंहले बताए। तिनीअनुसार यस केन्द्रमा ३० जना महिलाहरूले सिलाई बुनाईको प्रशिक्षण लिनेछन्। स्थानीय पासाङ डोमा लामा अनि मधु प्रधान प्रशिक्षक रूपमा रहने छन्।


JOB OPPURTUNITY!!
**Account Clerk-Primary Teacher**
Coaching-Best Faculty, Try Class & Join
*Math-Biren Sir,*
*Aptitude GK-Kafley sir*
**SIKKIM SUPER 30-9564067717**
*Good results in different recruitments*

SPECIALIST DOCTORS
NOW AT JORETHANG
**Dr Tshering Dorjee Sherpa MS(ENT)**
SENIOR CONSULTANT ENT SURGEON from NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI
**Dr Bhushan Sharma MS (ORTHO)**
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from NIVEDITA HOSPITAL, SILIGURI
**Dr Dipendra Gurung, MD (DERMATOLOGY)**
SENIOR CONSULTANT SKIN SPECIALIST from SUNRISE NURSING HOME, SILIGURI
AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788